प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
नेपाल
२०७४

## " अपाङ्गता समावेशीकरण समन्वय समितिको कार्यविधि २०७६"

**१. परिचय;**

सुदुरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको नेतृत्वमा सुदुरपश्चिम प्रदेशमा रहेका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरुलाई सरकारका नीति, कार्यक्रम र बजेटमा समावेशीकरण गर्न र यसको कार्यान्वयनलाई अपाङ्गताको दृष्टिकोणले समावेशी बनाउनको लागि यो कार्यविधि निर्माण गरिएको छ ।

**२. कार्यविधिको उदेश्य;** यो कार्यविधिको उद्देश्य अपाङ्गता समावेशीकरणको सेवालाई गुणस्तरिय र पहुँचयोग्य बनाइ बिस्तार गर्ने ।

**३. कार्यविधिको प्रारम्भ;**

यो कार्यविधि सामाजिक विकास मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

**४. समन्वय समितिको गठन**

देहाय बमोजिमको समन्वय समिति रहनेछ ।

(क) संयोजक :- महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा

(ख) सदस्य :- प्रतिनिधी, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदुरपश्चिम प्रदेश

(ग) सदस्य :- प्रतिनिधी, मुख्यमन्त्री परिषदको कार्यालय, सुदुरपश्चिम प्रदेश

(घ) सदस्य :- प्रतिनिधी, आर्थिम मामिला तथा योजना मन्त्रालय, सुदुरपश्चिम प्रदेश

(ङ) सदस्य :- प्रतिनिधी, भौतिक पुर्वाधार विकास मन्त्रालय, सुदुरपश्चिम प्रदेश

(च) सदस्य :- प्रतिनिधी, उद्योग पर्यटन बन तथा वातवरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश

(छ) सदस्य :- प्रतिनिधी, भूमि ब्यावस्था कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश

(ज) सदस्य :- प्रतिनिधी, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल १ जना

(झ) सदस्य :- प्रतिनिधि नेपाल सरकारले परिभाषित गरेका शारीरिक अपाङ्गता, बहिरा, दृष्टिविहिन बौद्धिक अपाङ्ग अभिभावक, स्वरबोलाइ अपाङ्गता, श्रबणदृष्टिविहिन, हेमोफेलियां अटिजम मध्येबाट ५० प्रतिशत महिला नघटने र अपाङ्गता नदोहोरिने गरि मन्त्रालयले तोकेको ४ जना

(ञ) सदस्य सचिव:- शाखा प्रमुख, बाल अधिकार तथा सामाजिक न्याय शाखा



तेजराज पाण्डे
प्रदेश सचिव

कृष्णराज सुवेदी
मन्त्री

आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ र सहयोगी संघ संस्थाका प्रतिनिधिहरु आमन्त्रित गर्न सकिनेछ ।

**५. समितिको सचिवालय;**

यस समितिको सचिवालय सुदुरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयमा रहनेछ ।

**६. समितिको बैठक;**

समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ । संयोजकको परामर्शमा आवश्यकता अनुसार सदस्य सचिवले बैठकका लागि सदस्यहरुलाई निमन्त्रणा गर्नुपर्नेछ । समितिको बैठक कम्तिमा दुइ महिनाको एक पटक बस्नेछ । समन्वय समितिका सदस्यहरुलाई बिषय वस्तुको गाम्भिर्यता र आवश्यकताका आधारमा पूर्ण तथा आँशिक (प्रतिनिधिमुलक) रुपमा पनि बिभिन्न बैठकहरु बस्नेछन ।

**७. बैठकको निर्णय;**

हरेक बैठकको निर्णयलाई निर्णय पुस्तिकामा लिखित रूपमा अद्यावधिक गर्ने काम समितिका सदस्य सचिबको हुनेछ ।

**८. समन्वय समितिको काम, कर्तव्य र अधिकार:**

(क) प्रदेश सरकारले बनाउने अपाङ्गता सम्बन्धी वा अन्य ऐन नीति तथा नियमावलीहरुलाई अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी महासन्धी, नेपालको संविधान र अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी ऐन लगायत अपाङ्गता सम्बन्धी अन्य प्रचलित कानुनको भावना तथा मर्म अनुसार बिषयगत मन्त्रालयबाट भए गरेका योजना बजेट तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि समन्वय गर्ने ।

(ख) प्रदेश सरकारले बनाउने ऐन, नियम, नीति, कार्यक्रम, बजेट, योजनाहरू अपाङ्गता समावेशी बनाउन सहजिकरण गर्ने ।

(ग) अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच बढाउने र शिक्षण सिकाइलाई सहयोग पुग्ने कार्यक्रम परिचालनका लागि समन्वय तथा सहकार्य गर्ने ।

**९. सदस्य सचिवको काम कर्तब्य :**

(क) संयोजकको सल्लाह र परामर्श अनुसार समितिको बैठक बोलाउने ।



तेजराज पाण्डे
प्रदेश सचिव

कृष्णराज सुबेदी
मन्त्री

(ख) समितिको कामकारवाही सञ्चालनका लागि आवश्यक पर्ने सञ्चार गर्ने ।

(ग) कार्यप्रगतिको वारेमा समितिको वैठकमा अध्यावधिक गराउने ।

(घ) समितिको निर्णयहरुको अभिलेखिकरण गर्ने ।

१०. **सम्झौता गर्न सक्ने :** अपाङ्गता सम्बन्धी कुनै प्राविधिक वा बिषेशज्ञ सेवाको आवश्यकता परेमा अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ/संस्था/संगठनसँग सम्झौता गरि बिशेषज्ञ सेवा लिन सकिनेछ ।

११. **संशोधन गर्न सक्ने:** मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गरी लागू गर्न सक्नेछ ।

-०-

तेजराज पाण्डे
प्रदेश सचिव

कृष्णराज सुबेदी
मन्त्री